२४ फाल्गुन २०७३

**प्रेस विज्ञप्ति**
**सप्तरी घट्नाप्रति निन्दा एवं आपत्ति**

यही २०७३ फाल्गुन २३ गते सप्तरीको मलेठमा प्रहरीको गोली लागी ३ जना नागरिकको दुखद् निधन र कयौं घाईते भएको घट्नाप्रति जवाफदेहीता निगरानी समिति घोर निन्दा एवं भर्सना गर्दछ । यस घट्नाको मुख्य उपज प्रहरी प्रशासनबाट भएको अत्यधिक वल प्रयोग र लोकतान्त्रिक मधेसी मोर्चाले एमालेप्रति दर्शाएको निषेधको राजनीति एवं रणनीति रहेको छ ।

शान्ति सुरक्षामा खटिएका सुरक्षाकर्मीले संयमता नअपनाएबाट वेफ्वांकमा नागरिकको ज्यान गएको छ । प्रायः सबै ब्यक्तिका कम्मर माथि गोली लागी मृत्यु भएको खबर सार्वजनिक भएको छ । भिड नियन्त्रणका आधारभुत नियम पालना नगरेको प्राथमिक सुचनाबाट थाहा भएको छ । यसअघिका मधेस आन्दोलनमा समेत यसरी प्रायः आन्दोलनकारीको मृत्यु भएको थियो । अधिकारकर्मीले विगतमा सरकारहरुलाई पटक-पटक यसमा सजक रहन गराएको ध्यानाकर्षण वेवास्ता गर्नु दुखद् र खेदपूर्ण छ । लोकतन्त्रमा शान्तिपूर्ण सभा सम्मेलन र जुलुस गर्न पाउँनु सबै नागरिकको अधिकार हो । नेकपा एमालेले यही २१ गते सुरु गरेको मेची-माहाकाली यात्रालाई सप्तरीमा पुग्दा मधेसी मोर्चाले निषेध गर्न खोज्नु भनेको विश्व मानव अधिकारको घोषणापत्र, नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी माहासन्धि र नेपालको संविधानको समेत वर्खिलापमा छ । यस प्रकारका क्रियाकलापले लोकतन्त्रको जग कमजोर हुनुका साथै राष्ट्रलाई कमजोर पार्ने शक्तिले अनावश्यक फाईदा लिने निश्चित भएकाले मोर्चालाई निषेधको राजनीति बन्द गर्न पुनः अपलि गर्दछौं ।

साथै नेकपा एमालेलाई आगामी कार्यक्रमहरुमा अझ संयमित हुन आग्रह गर्दछौं ।

नेपाल सरकारलाई यस दुखद् घट्नाको तत्काल उच्चस्तरीय निष्पक्ष न्यायीक छानविन गरी दोषी उपर कारवाही, घाईतेको उपचार र मृत ब्यक्तिका परिवारलाई क्षतिपूर्ति तत्काल दिन समेत अपिल गर्दछौं । घटना परी मृत्यु हुनु भएकाप्रति भावपूर्ण श्रद्धान्जली र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना छ ।

चरण प्रसाई
संयोजक,
सम्पर्क : ९८५१०४२६३१